# तमानखोला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

गण्डकी प्रदेश,नेपाल


प.स :०७९/०८०

मिति : २०७९/११/२६

## राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित सूचना मिति : २०७९/११/२६)**

प्रस्तुत विषयमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट **राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यकमको** लागि अति विपन्न पछाडि पारिएका समुदाय (कोभिडबाट प्रभावित समेतको ) जिविकोपार्जन सूधार तथा स्वरोजगार कार्यक्रम संचालनको लागि दर्ता भएका **समुह/संस्थाहरुले** जिविकोपार्जन सुधार कार्यकमको लागि **कृषि तथा पशु पालन क्षेत्र, पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा** काम गर्ने गरि **अनुसुची -२** बमोजिमको ढाँचामा प्रस्तावना तयार पारि निम्न विवरणहरु खुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस तमानखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा प्रस्तावना पेश गर्न यो सूचना गरिएको छ । रित पूर्वक नभएका र समय भित्र पेश हुन नआएका प्रस्ताव उपर कुनै कार्वाही हुने छैन ।

**संचालन गर्ने कार्यकम :**

| क.सं. | कार्यकम | लक्षित समुह | लक्ष्य | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | लक्षित समुहलाई सिप तथा व्यबसायिक तालिम | उद्यमि महिला/उद्यमि समुह | २५ जना | ५ दिन | |

**प्रस्तावनामा संलग्न हुनु पर्ने विवरणहरु :**

१. संस्थाको विधान, परिचय, उद्देश्य कार्यकम संचालन प्रकृया तथा वित्तिय स्रोत विवरण ।
२. प्रस्तावित व्यबसायको अवधारणापत्र व्यबसायको क्षेत्र, तालिम अवधि स्रोत परिचालन सहितको व्यबसायिक योजना विवरण ।
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
४. अघिल्लो आर्थिक वर्षको दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
५. अघिल्लो अर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन ।
६. प्रस्तावित कार्यकममा संस्थाको योगदानको अंशअन्य निकाय बाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण ।
७. कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वघोषणा ।
८. प्रस्तावना दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना सहित प्रस्तावना पेश गर्नु पर्नेछ ।
९. प्रस्ताव गाउँपालिकाको स्विकृत मापदण्ड अनुसार हुनु पर्नेछ ।

ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत